निर्वाचन आयोग
नेपाल
२०२३

प.सं. च.नं./Ref:

मिति : २०७४/१/४

**विषय : प्रेस विज्ञप्ति ।**

नेपाल सरकारका माननीय उपप्रधान तथा गृहमन्त्री श्री विमलेन्द्र निधिद्वारा मिति २०७४/१/३ मा निर्वाचन सम्बन्धी तयारी पर्याप्त नभएको भनी गरिएको ट्वीटका सम्बन्धमा आयोगको सख्त ध्यानाकर्षण भएको छ ।

निर्वाचनसँग सम्बन्धित ऐनहरुको निर्माण पश्चात् आयोगबाट नियमावलीहरु तथा निर्देशिकाहरुको तर्जुमा गरिसकिएको तथा १,४०,५४,४८२ मतदाताको अन्तिम मतदाता नामावली तयार गरी आयोगको वेबसाइट समेतमा राखि सकिएको व्यहोरा विदितै छ । मतदाता परिचय-पत्र छपाई गर्ने कार्य अन्तिम चरणमा रहेको तथा निर्वाचनका लागि आवश्यक पर्ने १ करोड ६० लाख थान मतपत्र जनक शिक्षा समाग्री केन्द्रबाट छपाई भईरहेको र आगामी बैशाख ७ गते भित्र सम्पूर्ण मतपत्रको छपाई कार्य पूरा हुने अवस्थामा रहेको र विभिन्न प्रकारका निर्वाचन सामग्रीहरु जिल्लाहरुमा पठाउने कार्य मिति २०७४/१/३ गते देखि शुरु भईसकेको, मुख्य निर्वाचन अधिकृत तथा निर्वाचन अधिकृतहरुलाई दिईने अभिमुखीकरण तालीम विभिन्न सात ठाउँमा सम्पन्न गरी मिति २०७४/१/३ गते देखि ७५ वटै जिल्लामा मुख्य निर्वाचन अधिकृतको कार्यालय स्थापना भईसकेको । आगामी बैशाख १२ गते सम्म प्रत्येक स्थानीय तहमा निर्वाचन अधिकृतको कार्यालय स्थापना गरिने कार्यक्रम निश्चित भईसकेको र बैशाख दोस्रो हप्तादेखि मतपत्र ढुवानी गर्ने कार्य-योजना रहेको । मतदाता शिक्षा तालीम कार्यक्रम मुलुक भर संचालन भईरहेको । निर्वाचनको सम्पूर्ण व्यवस्थापन गर्ने कार्य आयोगबाट करिब पूरा भएको । निर्वाचनमा शान्ति सुरक्षा कायम गर्ने/गराउने दायित्व र जिम्मेवारी नेपाल सरकारको भएको र सो सम्बन्धमा नेपाल सरकारबाट आयोगलाई पटक पटक आश्वस्त पारेको व्यहोरा आयोग स्मरण गराउन चाहन्छ । स्थानीय तहको निर्वाचन एकै चरणमा सम्पन्न गर्न/गराउन आयोग पूर्णरुपमा प्रतिबद्ध रहेको र सो अनुसारको तयारी समेत गरिरहेको अवस्थामा माननीय उपप्रधान तथा गृहमन्त्रीज्यूले गर्नु भएको ट्वीटले निर्वाचन आयोगको कामकारवाही प्रति आमजनमानसमा द्विविधा उत्पन्न भएकोले ट्वीट मार्फत् व्यक्त भएको अभिव्यक्तिप्रति आयोग आश्चर्य चकित भएको छ । आगामी बैशाख ३१ गते हुने स्थानीय तहको निर्वाचनका सम्बन्धमा आयोगबाट भएको सम्पूर्ण तयारीका विषयमा जानकारी गराउँदै स्थानीय तहको निर्वाचन पूर्वनिर्धारित समयमै सम्पन्न गराउने कुरामा विश्वस्त रहन आयोग सम्पूर्ण आदरणीय नेपाली दिदीबहिनीहरु तथा दाजुभाईहरुमा हार्दिक अनुरोध गर्दछ ।

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np